# सानिमा माई हाइड्रोपावर लिमिटेड
# विक्रम सम्वत् २०७३ साल भाद्र ३१ गते शुक्रबार
# नक्साल ब्यांकेट्, नक्साल, काठमाण्डौमा सम्पन्न भएको
# पाँचौ वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. **पृष्ठभूमी :**

सानिमा माई हाइड्रोपावर लिमिटेडको पाँचौ वार्षिक साधारण सभा मिति २०७३/०५/३१ गते तदनुसार १६ सेप्टेम्वर, २०१६ मा नक्साल ब्यांकेट्, नक्साल, काठमाण्डौमा सम्पन्न भएको थियो । कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू तथा कम्पनीका पदाधिकारीहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई पाँचौ वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्नु भएको थियो । साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूले गर्नु भएको थियो । अध्यक्षज्यूको अनुमति पश्चात सभा सञ्चालन भएको थियो । साधारण सभामा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. श्री सुवर्णदास श्रेष्ठज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेको ईलाम जिल्ला स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) को जानकारीका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो र सो पश्चात् साधारण सभामा छलफलकालागि निर्धारित विषयहरू उपर छलफल गरी निर्णय भएको थियो । साधारण सभा विहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १:१५ बजे सभा समापन भएको थियो ।

(क) **<u>सभाको सूचना तथा प्रकाशन</u> :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७३ साल भाद्र ७ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस पाँचौ वार्षिक साधारण सभाका लागि २०७३ भाद्र ८ गतेको राष्ट्रिय दैनिक आर्थिक अभियानमा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित प्रथम पटक, भाद्र ९ गते इलाम जिल्लाबाट प्रकाशित हुने इलाम एक्सप्रेस राष्ट्रिय दैनिकमा दोस्रो पटक र त्यसै गरी भाद्र १० गतेको राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्टमा तेस्रो पटक सूचना प्रकाशित गरिनुका साथै उल्लिखित सूचना, कम्पनीको आ.व. २०७२/७३ को संक्षिप्त वार्षिक आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईटमा पनि राखिएको थियो ।

(ख) **उपस्थिति :**

(अ) **सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| १. श्री टेकराज निरौला | सञ्चालक/अध्यक्ष |
| २. श्री सोनाम ग्याछो | सञ्चालक-सदस्य |
| ३. श्री पशुपति भण्डारी | सञ्चालक-सदस्य |

४. श्री कोकिल गोविन्द श्रेष्ठ — सञ्चालक-सदस्य

५. श्री महेश घिमिरे — सञ्चालक-सदस्य

६. श्री भरतकुमार पोखरेल — सञ्चालक-सदस्य

७. श्री दिपककुमार श्रेष्ठ — सञ्चालक-सदस्य

**(आ) पदाधिकारीहरूको उपस्थिति :**

१. डा. श्री सुवर्णदास श्रेष्ठ — प्रमुख कार्यकारी अधिकृत
२. श्री भोजराज पौडेल — प्रमुख सञ्चालन अधिकृत
३. श्री सुदिप रोका — लेखा तथा वित्त प्रमुख
४. श्री सुधिर गिरी — प्लान्ट मेनेजर
५. श्री जयन्तकुमार रेग्मी — कम्पनी सचिव

**(इ) विभिन्न निकायका पदाधिकारी/ प्रतिनिधिको उपस्थिति :**

१. श्री खेमराज खत्री — प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री रजिना राई — प्रतिनिधि, नेपाल धितोपत्र वोर्ड
३. श्री राजुकुमार सिवाकोटी — प्रतिनिधि, जे.वि.आर.एच. एण्ड कम्पनी **(लेखापरीक्षक)**
४. श्री धर्म खत्री — प्रतिनिधि,एन.सि.एम. मर्चेन्ट बैकिङ्ग लि. **(शेयर रजिष्ट्रार)**

**(ई) शेयरधनीहरूको उपस्थिति :**

१. स्वयम उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) - ३३५ जना

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या - २८ जना

३. जम्मा उपस्थिति संख्या - ३६३ जना

**(ग) पाँचौ वार्षिक साधारसभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू**

१. पाँचौ वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ साल आषाढ मसान्त सम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७३/०७४ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारीश्रमीक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्टस् पुनः नियुक्त हुन सक्नेछ ।)

४. स्वतन्त्र सञ्चालक नियुक्त गर्ने ।

५. संस्थापक शेयरधनीहरू (समुह "क") बाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

**(ख) विशेष प्रस्तावहरू**

१. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम १:१ (एक शेयर बराबर एक शेयर) अर्थात १०० प्रतिशत अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने ।

२. कम्पनीको जारी पूँजी वृद्धि गरी प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृत गर्ने ।

३. हकप्रद शेयरको हक हस्तान्तरणका सम्बन्धमा नियमावलीमा आवश्यक व्यवस्था थप गरी संशोधन गर्ने ।

४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल, सुझाव वा निर्देशन भएमा सोही अनुसार गर्न, गराउन सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**(ग) विविध**

**(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वंम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १,०५,५०,००० | ३९,२२,१३३ | २८,८३,२९५ | ६८,०५,४२८ | ६४.५ |
| शेयरधनी संख्या | ३७,९६३ | ३३५ | २८ | ३६३ | ०.९६ |

**२. सभाको वैधानिकता :**

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयधनीहरू स्वंयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वंयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ३६३ भएको र कुल बाँडफाँड भएको ६४.५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्बन्धमा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूको अध्यक्षतामा कम्पनीको पाँचौ वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम कम्पनी सचिवले सभालाई सञ्चालन गर्नु भयो ।

SANIMA MAI HYDROPOWER LIMITED SMH KATHMANDU

३. <u>सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल</u> :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरीयो । तत् पश्चात अध्यक्षज्यूले आफ्नो मन्तव्य व्यक्त गर्नु भई सञ्चालक समितिको तर्फबाट आ.व. २०७२/७३ को वार्षिक प्रतिवेदन अनुमोदनकालागि प्रस्तुत गर्नु भयो । साथै कम्पनीका प्रमुख कार्यकारी अधिकृतज्यूले यस कम्पनीद्धारा निर्माण गरी सञ्चालनमा रहेको ईलाम जिल्ला स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) को हालको वस्तुस्थिति, आम्दानी तथा खर्चको जानकारीका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्धारा प्रस्तुतीकरण गर्नु भयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०७३ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७२/०७३ को वार्षिक नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न तथा आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरीएको थियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा प्रतिक्रियाहरूको मुख्य अंश र जिज्ञासाहरू निम्न अनुसार रहेको छ ।

(अ) श्री अमृत नाथ रेग्मी

नेपालमा आयोजना निर्माण कार्य सहज छैन यस्तो असहजताको बावजुत दुबै आयोजनाहरूको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन कम्पनी सफल भएकोमा बधाई दिन चाहन्छु । आयोजना सञ्चालनमा आई सकेको हुँदा शेयरधनीहरूले कहिलेबाट प्रतिफल प्राप्त गर्न सक्दछन ? जानकारी गराई दिनु होला । करिब ३० मे.वा. को आयोजना सम्पन्न भएकोमा अब पूँजीमा वृद्धि गरी १०० मे.वा. को आयोजना निर्माणमा लाग्नु पर्दछ । पिकिङ्ग पोखरी सहितको आयोजना निर्माण गरौं ताकि विद्युतको उच्च माग हुने समयमा आपूर्ती बढाई बढी आम्दानी प्राप्त गर्न सकियोस । हकप्रद शेयर जारी गर्नु राम्रो हो यसरी प्राप्त पुँजीलाई सक्षमताका साथ परिचालन गर्न सकिएमा यसले कम्पनीको वित्तीय स्थितिलाई बलियो बनाउँदछ । नयाँ आयोजना निर्माण गर्दा प्रति मे.वा. लागत न्यून गर्ने कोसिस गरौं । आगामी दिनमा कम्पनीको अवस्था अझ राम्रो होस यसको शेयरको मूल्य अधिकतम् होस मेरो शुभकामना छ, धन्यवाद ।

(आ) श्री उद्धव प्रसाद घिमिरे

लगानीकर्ताहरूको अपेक्षा भनेको प्रतिफल हो कम्पनीले हाल सम्म कुनै प्रतिफल दिन सकेको छैन । लामो समय सम्म प्रतिफल प्राप्त नहुनु निरासाजनक हुन्छ, तसर्थ थोरै भएतापनि प्रतिफलको प्रतिवद्धता आवोस । नयाँ आयोजनाहरूमा लगानी गर्न हकप्रद शेयर जारी हुनु लगानीकर्ताहरूकालागि राम्रो हो तर सो भन्दा पहिले लगानीको प्रतिफल दिनु अझ राम्रो हुने थियो । विद्युत विक्रीबाट आएको आम्दानी तथा खर्चलाई पारदर्शी रूपमा देखाउनु भएकोमा धन्यबाद दिन चाहन्छु । जलविद्युतमा मात्र नभई सोलार इनर्जीमा लगानी गर्ने तर्फ पनि कम्पनीको ध्यान जाओस् । यस कम्पनीको शेयरको बजार मूल्य राम्रो छ, कम्पनीको भविश्य राम्रो छ अझ उन्नति प्रगति होस, धन्यवाद ।

SANIMA MAI HYDROPOWER
Sanima
SMH
KATHMANDU

(इ) श्री कृष्ण प्रसाद अधिकारी

कम्पनीले एक शेयर बराबर एक हकप्रद शेयर प्रदान गर्नु कम्पनीका संस्थापक तथा सर्वसाधारण लगानीकर्ता शेयरधनीहरू सबैको लागी अत्यन्तै राम्रो कुरा हो । कम्पनीले स्वतन्त्र सञ्चालक नियुक्तीको प्रकृया पारदर्शी बनाएको छ, गत वर्षको तुलनामा विभिन्न खर्चहरूलाई धेरै हद सम्म घटाएको छ जुन स्वागत योग्य छ । कम्पनीले आगामी वर्ष शेयरधनीहरूलाई प्रदान गर्न सक्ने प्रतिफलको घोषणा होस ।

(ई) श्री नारायण सुन्दर श्रेष्ठ

कम्पनीको प्रतिवेदनमा एक शेयर बराबर एक हकप्रद शेयर जारी गरी प्राप्त पुँजी मध्येबाट ४५ करोड र ४८ करोड दुई आयोजनाहरूमा लगानी गर्ने कुरा उल्लेख भएकोमा सोको प्रतिफल कतिवर्ष भित्रमा के कति प्राप्त हुने हो सोको जानकारी पाउँ र हकप्रद शेयर विक्रीबाट उठाईएको बाँकी रकम केमा लगानी गर्ने र सोबाट के प्रतिफल प्राप्त हुन्छ स्पष्ट जानकारी दिनु होला । संस्थापक शेयरधनीहरूले ५ वर्ष भन्दा अघि र सर्वसाधारणले ३ वर्ष अघि गरेको लगानीको प्रतिफल हाल सम्म पनि प्राप्त गर्न नसकेको हुँदा अब कति वर्षमा प्रतिवर्ष के कति प्रतिफल आउने हो जानकारी पाऊँ ।

शेयरधनी महानुभावहरूबाट मन्तब्यका क्रममा राय, प्रतिकृया, सुझाव र जिज्ञासा राख्ने कार्य पुरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. श्री सुवर्णदास श्रेष्ठज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

**डा. श्री सुवर्णदास श्रेष्ठ - प्रमुख कार्यकारी अधिकृत**

आजको यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावज्यूहरूले मन्तव्यको क्रममा राख्नु भएका जिज्ञासा तथा सुझावकालागि धेरै धेरै धन्यवाद, यहाँहरूले राख्नु भएको जिज्ञासा तथा सुझावहरू कम्पनीको भविश्य राम्रो होस भनि कम्पनीको हितकालागिनै राख्नु भएको हो भन्ने किसिमले हामीले लिएका छौं ।

अध्यक्षज्यूको आज्ञाले यहाँहरूबाट उठाईएका जिज्ञासाहरूको सम्बन्धमा केही प्रष्ट पार्न चाहन्छौं ।

- पिंकिङ्ग पोखरी सहितको आयोजना विद्युत खरिद विक्री सम्झौता(पिपिए) मा भर पर्ने कुरा हो र यस सम्बन्धमा कम्पनीले शुरूमा प्रस्ताव पनि गरेको थियो तर यस्तो आयोजनाबाट उत्पादन हुने उर्जाको खरिद दरका सम्बन्धमा स्पष्टता नभएको हुँदा हामीले रन आफ रिभरमा नै आधिरीत आयोजना निर्माण गर्नु परेको हो । भविश्यमा यस सम्बन्धमा स्पष्ट निति आएमा यस किसिमको नयाँ आयोजना निर्माणका बारेमा सोच्न सकिन्छ ।

- १०० मे.वा. भन्दा ठूला आयोजनाको निर्माण गर्नु पर्ने सुझावका सम्बन्धमा हाल हामीले ५४ र २८ मे.वा. गरी करिब ८२ मे.वा. को आयोजना निर्माणकालागि लगानी गर्न प्रस्ताव पनि ल्याई सकेका छौं भने भविश्यमा क्रमिक रूपमा क्षमतामा अझ वृद्धि गर्दैजान सकिन्छ ।

- प्रति मे.वा. लागतका सम्बन्धमा भन्नु पर्दा हाल यस कम्पनीले लगानी गरेको आयोजनाको लागत १६ करोड ११ लाख प्रति मे.वा. रहेको छ जुन आजको अवस्थामा अन्य आयोजनाहरूको तुलनामा उल्लेखनिय रूपमा कम हो ।

SANIMA MAI HYDROPOWER LIMITED
SMH
KATHMANDU

▪ सोलार इनर्जीमा लगानी गर्ने सम्बन्धी जिज्ञासाका सम्बन्धमा भन्नु पर्दा यसको निर्माण लागत तथा सञ्चालन खर्च धेरै पर्ने भएको र लाभको हिसाबले हाल जलविद्युतमा नै पर्याप्त अवसरहरू रहेको हुँदा कम्पनीले जलविद्युतमानै लगानी गर्ने निति लिएको छ ।

▪ मन्तव्यका क्रममा अधिकांश शेयरधनीहरूले राख्नु भएको प्रतिफल सम्बन्धी जिज्ञासाका सम्बन्धमा भन्नु पर्दा कम्पनीले सर्वसाधारणमा शेयर जारी गर्दा प्रकाशीत विवरणपत्रमानै आयोजना सञ्चालनमा आएको अर्को वर्षबाट मात्र प्रतिफल दिन सकिने घोषणा गरिएकोमा आयोजनाहरूबाट हाल भई रहेको उत्पादनलाई हेर्दा आगामी वर्षबाट प्रतिफल दिन सकिने देखिन्छ । साथै सरकारबाट घोषणा गरीएको अनुदान तथा मुल्य वृद्धि बापतको रकम समेत प्राप्त भएको खण्डमा लगानीकर्ताहरूले थप प्रतिफल पाउन सक्ने हामीले विश्वास लिएका छौं ।

▪ कम्पनीले १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर जारी गरी संकलित रकम मध्ये करिब ९३ करोड रूपैया दुई जलविद्युत आयोजना प्रवर्द्धक कम्पनीको शेयरमा लगानी गर्ने छ भने बाँकी रकम यस कम्पनीको माई तथा माई क्यास्केड जलविद्युत आयोनाहरूको निर्माण लागत अनुमानमा भएको वृद्धि (Cost Over-run) बापतको खर्च पुरा गर्न प्रयोग गरीनेछ ।

▪ लगानीकर्ताहरूको लगानी बापतको अधिकतम प्रतिफल सुनिश्चित गर्नकालागि कम्पनीले निरन्तर रूपमा हर-सम्भव प्रयास गर्ने नै छ ।

४. **सभाको निर्णयहरू :**

निर्णयार्थ पाँचौ वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गऱ्यो :

**(क) साधारण प्रस्ताव उपर छलफल तथा निर्णयहरू**

१. **पाँचौ वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका जिज्ञासाहरूका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ साल आषाढ मसान्त सम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको २०७३ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७२/०७३ को वार्षिक नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिकालागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरू स्वीकृत गर्ने निर्णय गरियो ।

३. **लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७३/०७४ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारीश्रमीक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्टस् पुनः नियुक्त हुन सक्नेछ ।)**

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

कम्पनी ऐन, २०६३ मा भएको कानूनी व्यवस्था बमोजिम गठित कम्पनीको लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्ती सम्बन्धमा गरेको सिफारीसको जानकारी गराउँदै लेखापरीक्षण समितिको तर्फबाट कम्पनीको आ.व. २०७३/०७४ को हिसाव किताव लेखापरीक्षण गर्न लेखापरीक्षक जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट्सलाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,२७,०००/-(अक्षरेपी एक लाख सत्ताईस हजार मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्त गर्न सिफारीस भएको कुरा सभामा जानकारी गराइयो । प्रस्तुत प्रस्तावमा सभाबाट कम्पनीको लेखापरीक्षण समितिको सिफारीस बमोजिम जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट्सलाई नियुक्त गर्ने सर्वसम्मत निर्णय गरीयो ।

**४. स्वतन्त्र सञ्चालक नियुक्त गर्ने ।**

कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम स्वतन्त्र सञ्चालक नियुक्ती गर्नका लागि कम्पनीको सञ्चालक समितिले तपसील बमोजिम योग्य व्यक्तिहरूको नाम चयन गरी साधारणसभा समक्ष नियुक्तीका लागि पेश गरेकोमा साधारण सभाको सर्वसम्मतिबाट विराटनगर उप म.न.पा. वडा नं. ४, मोरङ्ग घर भई हाल मध्यपुर थिमि न.पा. वडा नं. १५ बस्ने श्री महेश घिमिरेलाई यस कम्पनीको स्वतन्त्र सञ्चालकमा पुनः नियुक्ती गर्ने भन्ने निर्णय गरीयो ।

**<u>तपसील</u>**

| क्र. सं. | नाम, थर र ठेगाना | शैक्षिक योग्यता | सम्बन्धित विषयमा कार्यअनुभव | कैफियत |
|---|---|---|---|---|
| १. | **श्री महेश घिमिरे**<br>विराटनगर उप. म.न.पा. वडा नं ४, मोरङ्<br>हाल थिमि न.पा. वडा नं. १५, भक्तपुर | वि.कम./ व्यवस्थापनमा स्नातक | सम्बन्धित विषयमा विगत १८ वर्ष देखि कार्यरत | गत कार्यकालका स्वतन्त्र-सञ्चालक |
| २. | **श्री पूर्ण गौतम**<br>दमक न.पा. वडा नं. १८, झापा<br>हाल ल.पु. उप म.न.पा., थसिखेल ललितपुर | मेकानिकल इन्जिनियरीङ्मा स्नातक | सम्बन्धित विषयमा विगत ११ वर्ष देखि कार्यरत | |
| ३. | **श्री शरद कुमार मिश्र**<br>मध्यपुर थिमि न.पा. १५, भक्तपुर | मेकानिकल इन्जिनियरीङ्मा स्नातक | सम्बन्धित विषयमा १५ वर्ष भन्दा बढिको कार्य अनुभव | |

**५. संस्थापक शेयरधनीहरू (समुह “क”) बाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) संचालकहरूको कार्यकाल पुरा भएको हुँदा संस्थापक शेयरधनीहरू (समुह "क") बाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम तय गरिएकोमा यस कम्पनीका शेयरधनी श्री टेकराज निरौला, शेयरधनी जयगणेश इन्भेष्टमेन्ट प्रा. लि.को तर्फबाट अधिकार प्राप्त प्रतिनिधि श्री शाम्बा लामा, शेयरधनी सानिमा हाईड्रोपावर लि. को तर्फबाट अधिकार प्राप्त प्रतिनिधि श्री घनश्याम थापा र शेयरधनी श्री खेमराज लामिछाने गरी ४ जना उम्मेदवारहरूको मांत्र मनोनयन पत्र दर्ता भएको र उक्त उम्मेदवारी माथि कुनै दावि विरोध नपरेको हुँदा निज उम्मेदवारहरू यस कम्पनीको सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बद्री विशाल घिमिरेज्यूले सभालाई जानकारी गराउनु भयो ।

SANIMA MAI HYDROPOWER LIMITED
SMH
KATHMANDU

(ख) विशेष प्रस्ताव उपर छलफल तथा निर्णयहरू

१. **सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम १:१ (एक शेयर बराबर एक शेयर) अर्थात १०० प्रतिशत अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने ।**

यस कम्पनीले तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे.वा.) को प्रवर्द्धक कम्पनी श्वेत-गंगा हाईड्रोपावर एण्ड कन्स्ट्रक्सन प्रा. लि. तथा तमोर सानिमा इनर्जी प्रा. लि.ले विद्युत उत्पादनको अनुमतिपत्रका लागि दरखास्त दिएको मध्य तमोर जलविद्युत आयोजना (५४.० मे.वा.) को प्रवर्द्धन गर्न स्थापित विशेष उद्देश्य कम्पनी सानिमा मिडिल तमोर हाईड्रोपावर लि. को शेयरमा लगानी गर्न र यस कम्पनीका माई तथा माई क्यास्केड जलविद्युत आयोजनाहरूको निर्माण लागत अनुमानमा भएको वृद्धि बापतको खर्चकालागि कम्पनीलाई आवश्यक पुँजीको व्यवस्था गर्न कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १:१ (एक शेयर बराबर एक शेयर) अर्थात सत्प्रतिशत अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृतिकोलागि पेश गरिएको प्रस्ताव उपर सभामा छलफल भई उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

२. **कम्पनीको जारी पूँजी वृद्धि गरी प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृत गर्ने ।**

हकप्रद शेयर जारी गरी पुँजी संकलन गर्नेकोलागि कम्पनीको जारी पुँजी वृद्धि गर्नु पर्ने भएको हुँदा कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) मा निम्न बमोजिम संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारीत गरीयो ।

यस सानिमा माई हाईड्रोपावर लिमिटेडको प्रबन्धपत्रको दफा ६(ख) को सट्टा देहाय दफा ६(ख) कायम गर्ने ।

- **दफा ६(ख) : कम्पनीले तत्काल जारी गर्ने शेयर पुँजी रू. २,११,००,००,०००/- (अक्षरेपी दुई अर्ब एघार करोड मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रू. १००/- दरका २,११,००,००० (दुई करोड एघार लाख) थान साधारण शेयरमा विभाजन गरीने छ ।**

३. **हकप्रद शेयरको हक हस्तान्तरणका सम्बन्धमा नियमावलीमा आवश्यक व्यवस्था थप गरी संशोधन गर्ने ।**

यस कम्पनीले जारी गर्ने हकप्रद शेयर खरीद गर्न पाउने हक हस्तान्तरण सम्बन्धमा कम्पनीको नियमावलीमा तपसील बमोजिमको नियम ९(क) थप गर्ने संशोधन प्रस्ताव सभाबाट सर्वसम्मतिले पारीत गरीयो ।

यस सानिमा माई हाईड्रोपावर लिमिटेडको नियमावलीमा नियम ९ पछि देहाय नियम ९(क) थप गर्ने ।

**नियम ९(क) : हकप्रद शेयर खरीद गर्न पाउने हक अन्य व्यक्ति वा संगठित संस्थालाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था :**

(१) धितोपत्र सम्बन्धी प्रचलित कानूनको अधिनमा रहि तत्काल कायम रहेका शेयरधनीहरूले हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई सम्पूर्ण वा आंशिक रूपमा हस्तान्तरण गर्न सक्नेछन् ।

SANIMA MAI HYDROPOWER LIMITED SMH KATHMANDU

(२) आफ्नो सम्पूर्ण वा आंशिक हक मनोनयन गर्दा कुनै एक व्यक्ति वा संगठित संस्थालाई मात्र मनोनयन गर्न सकिनेछ।

(३) हकप्रद शेयर खरीद गर्न मनोनयन हुने व्यक्तिले शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने गरी आवेदन दिनु पर्नेछ।

(४) हकप्रद शेयर खरीद गर्ने हक अरूलाई मनोनित गर्ने शेयरधनीले अरू शेयरधनीहरूको हक लिई मनोनित हुन नपाईने तर आफ्नो पुरै हक उपभोग गर्नेले अरूको हक समेत मनोनितको रूपमा लिन सकिनेछ।

(५) हकप्रद शेयर खरीद गर्न मनोनित हुनेले शेयरको लागि आवेदन गर्दा पहिले लिएको वा पछि प्राप्त गर्ने शेयरको कूल योग नियमनकारी निकायले तोकेको सीमाभन्दा बढी हुने गरी आवेदन गर्न पाईने छैन।

(६) मनोनयन गर्दा आफ्नै समूहमा रहने गरी मनोनयन गर्नु पर्नेछ।

(७) हकप्रद शेयर खरीद गर्न मनोनित भएको व्यक्ति वा संस्था कालो सूचीमा नरहेको र कानून बमोजिम योग्य हुनु पर्दछ।

(८) हकप्रद शेयर विक्री खुल्ला भएको अवधि भित्र आफ्नो हक अरूलाई हस्तान्तरण गर्न सकिनेछ।

४. **कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल, सुझाव वा निर्देशन भएमा सोही अनुसार गर्न, गराउन सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल, सुझाव वा निर्देशन भएमा सोही अनुसार गर्न, गराउन सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारीत गरीयो।

**(ग) विविध**

विविध विषय अर्न्तगत कुनै छलफल तथा निर्णय भएन।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्व सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो। सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस पाँचौ वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो।

SANIMA MAI HYDROPOWER LIMITED sanima SMH KATHMANDU

| | |
|---|---|
| ........................ | ........................ |
| जयन्तकुमार रेग्मी | टेकराज निरौला |
| कम्पनी सचिव | सभा-अध्यक्ष |